# फोक्सुण्डो सुलिगाड जलाधार


से–फोक्सुण्डो राष्ट्रिय निकुञ्जको दक्षिण–पश्चिमी क्षेत्रमा तिब्बती स्वायत्त क्षेत्रबाट बहने सागर र ग्याम्पो कपुवा खोलाको मिलन भई फोक्सुण्डो तालको निर्माण भएको छ र यो तालले स्थानीयका लागि सांस्कृतिक महत्व राखेको छ। नेपालको उत्तर–पश्चिममा पर्ने डोल्पा जिल्लामा अवस्थित फोक्सुण्डो सुलिगाड एकदमै न्यून जनसङ्ख्या भएको स्थान हो - जसको जनसंख्या २,२५८ मात्र रहेको छ। यो जलाधारको धेरै जसो हिस्सा (९८ प्रतिशत) शे–फोक्सुण्डो राष्ट्रिय निकुञ्जभित्र पर्दछ। शे–फोक्सुण्डो राष्ट्रिय निकुञ्ज एक संरक्षित क्षेत्र हो जसमा विशेषत: धेरै शंकुधारी (कर्निफरस) रुखको जङ्गल छन्, र यो निकुञ्ज अनेक जीव–जन्तुहरूको वासस्थान पनि हो। यस निकुञ्जमा धेरै मात्रामा यार्सागुम्बा पाइन्छ जसको अन्तर्राष्ट्रिय बजारमा राम्रो माग छ। यार्सागुम्बा यस निकुञ्जको र जलाधारको वासिन्दाहरूको राम्रो आम्दानीको स्रोत पनि हो।

## संख्यामा फोक्सुण्डो सुलिगाड

| | |
|---|---|
| नदी | फोक्सुण्डो सुलिगाड |
| प्रदेश | प्रदेश ६ |
| जम्मा जलाधारको क्षेत्रफल | ९६४.३ वर्गकिमि |
| जम्मा नदीको धारा | ३४ |
| मुख्य नदीहरू | फोक्सुण्डो खोला, सागर खोला, पुग्मा खोला, फाकुस खोला, आँखे खोला |
| ताल र सिम्सारहरू | फोक्सुण्डो ताल, छोनाक्यो, छोकर्पू, छोनोन्यो, छोलुखाल ताल, तान्गालंगा ताल, छाम्कुनी ताल, ग्याल्बारा ताल, माझबन, भिमचौर, माते ताल, सिमेनी रैथाना, रातो पनेरा दाबूछैना, पर्ब रमण। |
| प्रयोग भएको जमिन | हिम ताल (५५%), चरण क्षेत्र (३४%), जङ्गल (६ %), पानी (४%), खेतीयोग्य जमिन (१%) |
| नगरपालिकाहरू | शे–फोक्सुण्डो गाउँपालिका, त्रिपुरासुन्दरी नगरपालिका, ठूलीभेरी नगरपालिका, काइले गाउँपालिका। |
| जनसंख्या | २,२५८ (५१% पुरुष, ४९% महिला) |
| जातीय समूहहरु | ब्राह्मण/क्षेत्री/ठकुरी/सन्यासी (५१%), जनजाति (४२%), दलित (६%), नेवार (१%) |

## फोक्सुण्डो सुलिगाड क्षेत्रका वातावरणीय सवालहरु

पानी परियोजनाले सहयोग गरेको बहु–सरोकार संलग्न कार्यशालामा सहभागी भएका जलाधारका सरोकारवालाहरूले पहिचान गरेका वातावरणीय सवालहरू यस नक्शामा राखिएका छन्। यस्ता सवालहरू र समस्याहरू व्याप्त रहेको क्षेत्रहरूको पहिचान गरेर स्वच्छ पानी, सुदृढ जैविक विविधता तथा प्राकृतिक स्रोतको दिगो प्रयोगको सुनिश्चितताका लागि स्थानीय सरकार तथा निर्वाचन क्षेत्रहरूले यी जानकारीको प्रयोग गर्दै अल्प तथा दीर्घकालीन योजनाहरूको तर्जुमा गर्नेछन् भन्ने विश्वास लिइएको छ।




# फोक्सुण्डो सुलिगाड जलाधार

## जलाधारको संक्षिप्त पार्श्वचित्र

**सामुदायिक परिकल्पना:**

प्राकृतिक स्रोत र जैविक विविधताहरूको दिगो व्यवस्थापन, जिम्मेवार पर्यापर्यटन तथा समतामूलक आर्थिक वृद्धिका लागी अवसरहरुको खोजि मार्फत स्वस्थ फोक्सुण्डो सुलिगाड जलाधार निर्माण।

## फोक्सुण्डो सुलिगाड जलाधारको स्वास्थ्य सूचकहरुको - सारसंक्षेप

यस जलाधार स्वास्थ्य विवरणले बहु–सरोकारवालाहरूसँग गरिएको परामर्श प्रक्रियाबाट छनौट गरिएका पूर्व परिभाषित सूचकहरूका आधारमा जलाधारको अवस्थालाई गरिएको मापनलाई देखाउँछ। यी सूचकहरूले फोक्सुण्डो सुलिगाड जलाधारको हालको स्वास्थ्य स्थितिलाईसमेत दर्शाउँछ। जलाधारले भोगिरहेका जोखिम तथा चुनौती र प्राप्त अवसरलाई प्रस्तुत गर्न रङ्गको कोडको प्रयोग गरिएको छ।


**जलाधारको स्वास्थ्य अवस्थाहरु:** राम्रो | ठिकै | नराम्रो

| सूचक | राम्रो | ठिकै | नराम्रो |
|---|---|---|---|
| सुशासन एवं समानता | श्रोतसाधन व्यवस्थापन समुहमा सकृयता | निती नियममा कृयाशीलता; नीतिगत प्रावधानको पालना; योजना तर्जुमामा सहभागिता; लाभको बाँडफांडमा समतामूलक पहुँच; स्थानीय निकायहरुबीच समन्वय; लाभ बाँडफांडका मुद्दाहरुमा समन्वय | महिला, सीमान्तकृत वर्गको निर्णायक पदमा पहुँच; प्रकृतिक श्रोत द्वन्द व्यवस्थापन |
| पूर्वाधार र प्रायोगिक भू-सम्पदाहरूको दिगोपना | | सिंचाई; जलविद्युत; ग्रामीण सडकको दिगोपना | गिट्टी बालुवा उत्खानन |
| जलवायु उत्थानशीलता तथा प्रकोप जोखिम न्यूनिकरण | | जलवायु जोखिम गम्भीरता; पुर्व सूचना प्रणालीमा पहुँच | जलवायुमैत्री अभ्यासहरूको अवलम्बन; असल अभ्यास अनुशरण |
| जैविक विविधता र वासस्थान | | मिचाहा प्रजाती; भू उपयोग; प्रजाति विविधता; माछाको परिमाण; घरेलु सरसफाइ; माछा मार्ने अभ्यास; फोहोर व्यवस्थापन | |
| पानी | | पानीको उपलब्धता; पानीको गुणस्तर; पानीमा पहुँच | |
| दिगो कृषिक्षेत्र | | जलवायु तथा भौगोलिकता; माटो व्यवस्थापन; कृषि उत्पादकत्व | |

River Basin: Karnali

Watershed Code: 888

## फोक्सुण्डो सुलिगाड जलाधारको स्थलगत नक्सा



| समस्या | कार्य/सुझाव |
|---|---|
| संरक्षणसँग सम्बन्धित कानून र नीतिहरूको | • प्रत्येक समूहका व्यक्तिहरूको ज्ञान/सीपको मूल्याङ्कन गर्ने।<br>• संरक्षण नितिसँग सम्बन्धित तालिम तयार गरी कार्यान्वयन गर्ने। |
| न्यून जानकारी | • वातावरणीय चुनौतीहरूको स्थानीयरुपमा प्रतिकार्यको लागि संरक्षण समूहहरूको निर्माणलाई प्रोत्साहन गर्ने। |
| बाढी र पहिरो | • भिरालो ठाउँ तथा नदी किनारमा कम लागतमानिर्माण गरिने स्थिरिकरणका विधिहरु जस्तै ढुगां<br>• जालिको तटबन्ध बनाउन सिकाउने तालिम तथा सहयोग गर्ने,<br>• पानीकोभेल र अनियन्त्रित वहावहरु नियन्त्रण गर्न सहयोग प्रदान गर्ने,<br>• डढेलो र खुला चरनका असरहरुका बारेमा जनचेतना फैलाउने,<br>• सम्भावित प्रकोप उचित प्रतिकार्यको लागि जलाधार क्षेत्रको पूर्व–सूचना संयन्त्रलाई बलियो बनाउने,<br>• जलाधार व्यवस्थापनको असल अभ्यासहरूको बारे पत्रपत्रिका वा रेडियोबाट जानकारी उपलब्ध गराउने, र<br>• जलाधार क्षेत्रमा भएका पदमार्गको सामूहिक रूपमा मर्मत गर्ने। |
| स्थानीय जैविक विविधता सम्बन्धी अध्ययनअनुसन्धानहरूको संख्यामा कमि | • जलाधारको लागि जैविक विविधता र फोक्सुण्डो तालको गहिराइ सम्बन्धी अध्ययन अनुसन्धानमा वृद्धि गर्ने र यसमा स्थानीय सहभागिताको लागि प्रोत्साहन गर्ने,<br>• फोक्सुण्डो ताल व्यवस्थापन समितिको व्यवस्थापन क्षमताको विकास गर्ने, र<br>• फोक्सुण्डो ताल व्यवस्थापन योजना तयार गर्ने। |
| राष्ट्रिय निकुञ्ज र प्राकृतिक स्रोत व्यवस्थापनमा संलग्नसंघ—संस्थाहरुबीच कमजोर समन्वय | • शे–फोक्सुण्डो राष्ट्रिय निकुञ्ज व्यवस्थापन समिति, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति र मध्यवती क्षेत्र उपोभोक्ता समितिबीच नियमित समन्वय बैठकको आयोजना गर्ने,<br>• मध्यवती क्षेत्रका संस्थाहरूको शे–फोक्सुण्डो राष्ट्रिय निकुञ्जको नीति–नियमहरूका बारेमा क्षमता अभिवृद्धि गर्ने, र<br>• व्यवस्थित लेखा प्रणालीका बारेमा मध्यवर्ती क्षेत्रका संस्थाहरूलाई तालिम प्रदान गर्ने। |
| फोहोरमैला व्यवस्थापन | • स्थानीय तहमा फोहोरमैला व्यवस्थापनमा सुधार गर्ने,<br>• नदीमा फोहर विसर्जन गर्दाका खतराहरूको बारेमा जनचेतना फैलाउने,<br>• पानी प्रसोधन गर्ने प्रविधिसहितको खानेपानी ट्याङ्कीको निर्माण गर्ने,<br>• सरकारी प्रतिनिधिहरूलाई स्वास्थ्य र सरसफाईसम्बन्धी मापदण्डका विषयमा तालिम दिने,<br>• फोक्सुण्डो नदी र अन्य सहायक नदीहरूको पानीको गुणस्तर अनुगमनमा वृद्धि गर्ने,<br>• विशेषगरी होटेल र रेष्टुराँका प्रबन्धकहरूका लागि लक्षित सुधारिएको फोहोरमैला व्यवस्थापन कार्यक्रमहरूको प्रोत्साहन गर्ने, र<br>• यार्सागुम्बा उत्पादन /संकलन गर्ने स्थानको अवस्थालाई मध्यनजर गरेर फोहोर व्यवस्थापनसम्बन्धी योजना तयार पार्ने |
| खस्कदो माछाको संख्या | • माछाको विविधता र संख्याको बारेमा अनुसन्धानको प्रवर्द्धन गन, र<br>• जलीय जैविक विविधता र त्यसको संरक्षणको बारेमा स्थानीय तहमा जनचेतनाको प्रवर्द्धन गर्ने। |
| पानीको मुहान सुक्नु | • पानीको स्तरलाई कायम राख्न बाँझो जमिनमा वृक्षारोपणलाई प्रोत्साहन गर्ने,<br>• पानी पुनर्भरण गर्ने पोखरीहरुको निर्माण गर्ने,<br>• घरधुरीको तहमा आकाशे पानीको संकलन तथा प्रयोगलाई प्रोत्साहन गर्ने, र<br>• भूक्षय नियन्त्रण र पानीमा आधारित स्थानियविवादको रोकथामका उपायहरूका बारेमा स्थानीय बासिन्दालाई शिक्षित बनाउन कार्यशालाहरूको आयोजना गर्ने। |







**कार्यदिशा**

फोक्सुण्डो सुलिगाड जलाधारको भावी कार्यदिशाको सन्दर्भमा, स्थानीय जनप्रतिनिधि, सरकारी अधिकारीदेखि स्थानीय व्यवसायी लगायत विभिन्न सरोकारवाला तथा स्थानीय वासिन्दाले यी सुझावहरूको तर्जुमा गरेका हुन, जसले विभिन्न दृष्टिकोणको प्रतिनिधित्व गर्दछ। त्यस अर्थमा, यी कार्य तथा प्रतिवद्धताले फोक्सुण्डो सुलिगाड जलाधारको वातावरणीय विषयहरूलाई सम्बोधन गर्ने प्रयत्न गरेको छ जसले जलाधारमा अवस्थित सबै समूहहरूका लागी समाधानउन्मुख र सुधारउन्मुख उपायहरू प्रदान गर्ने छ।

**युएसएड पानी परियोजना**